गण्डकी प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

☎: ०६१-५३५०९५
📠: ०६१-५३५०८४

पत्र संख्या : २०८२/०८३
चलानी नं. : २३६

मिति २०८२/०५/१५

श्री प्रादेशिक/प्रदेश अस्पतालहरू (१३ वटै),
श्री प्रदेश जनस्वास्थ्य कार्यालयहरू (११ वटै),
श्री आयुर्वेद अस्पताल/चिकित्सालयहरू (११ वटै),
गण्डकी प्रदेश।

विषय : <u>वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८२ पठाइएको सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा यस मन्त्रालय [मा. मन्त्रीस्तर] को मिति २०८२/०५/१३ को निर्णयानुसार स्वीकृत आ.व. २०८२/०८३ मा तहाँ निकायहरुबाट सञ्चालन हुने प्रदेश स्रोत र विशेष अनुदान तर्फका छुट्टाछुट्टै वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८२ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

..................
(सुरज गुरौ)
जनस्वास्थ्य प्रशासक

सादर अवगतार्थः
श्री मा. मन्त्रीज्यूको निजि सचिवालय, स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

# आ.व. २०८२/८३ मा प्रदेश जनस्वास्थ्य कार्यालयहरुबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको

# कार्य सञ्चालन मापदण्ड, २०८२

## (विशेष अनुदान तर्फ)

**मिति २०८२/०५/१३ (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

गण्डकी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

पोखरा, कास्की, नेपाल

*"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ (संशोधन सहित)" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले यो मापदण्ड बनाएको छ ।*

## कार्यक्रम सञ्चालन /कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८२

(१) कार्यक्रम सञ्चालन एवं कार्यान्वयन यस मापदण्डको अधिनमा रही गर्नुपर्नेछ।

(२) यस मापदण्डमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गर्ने/गराउने प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको रहनेछ भने समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको रहनेछ।

(३) कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्न पूर्व तयारी स्वरुप कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य विषयमा आवश्यक छलफल एवं परामर्श गरी प्रचलित कानून बमोजिम कार्यक्रममा रहेको बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्नेछ।

(४) कार्य सञ्चालन प्रक्रियामा उल्लेखित क्रियाकलापहरु सम्पन्न गर्दा आवश्यक पर्ने बैठक भत्ता, खाना/खाजा खर्च, भ्रमण खर्च, सहभागी भत्ता, आदि बापतको खर्च/भुक्तानी गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम सम्बन्धित कार्यक्रम शीर्षकबाट गर्नुपर्नेछ।

(५) चालु आर्थिक वर्ष २०८२/०८३ मा विनियोजन भएको बजेटको आर्थिक दायित्व आगामी आर्थिक वर्षमा सर्ने एवं विनियोजित बजेट भन्दा थप आर्थिक दायित्व सृजित हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन। यसरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गरेको पाइएमा स्वयं थप आर्थिक दायित्व सृजना गर्ने अधिकारीबाट थप आर्थिक दायित्वको सोधभर्ना गर्नुपर्नेछ।

(६) सम्पादित कार्यक्रमको आन्तरिक लेखा परिक्षण र अन्तिम लेखा परिक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ।

(७) कार्यक्रमको वित्तीय र भौतिक प्रगति त्रैमासिक र वार्षिक रुपमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ साथै आवश्यकतानुसार कार्यक्रमहरुको अनुगमन, मूल्यांकन, सहजिकरण एवं अनुशिक्षण सोही निकायबाट हुनेछ।

(८) यस मापदण्डको कुनै विषय अस्पष्ट भएमा स्वास्थ्य मन्त्रालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ।

(९) यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डलाई पथ प्रदर्शकको रुपमा लिई स्वीकृत कार्यक्रमको बजेट र तपसिलमा उल्लेखित प्रचलित कानूनको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ।

**तपसिल:**

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली [संशोधन सहित], २०६४,
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८२
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८२
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१
- प्रदेश खर्चको मापदण्ड, २०७९
- आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८२
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१
- कार्यक्रम सञ्चालन गर्दा अन्य प्रचलित कानून बमोजिम जारी भएका ऐन, नियमावली, कार्यविधि, गठन आदेश, मापदण्ड एवं निर्देशिकालाई आधार मानी गर्नु पर्नेछ साथै प्रचलित कानून [ऐन/नियमावली/कार्यविधि/मापदण्ड आदि] मा संशोधन वा जारी भएमा सो समेतलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

# विषयसूची

१) मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम सञ्चालन ..... 5

२) रुम्याटिक हार्ट डिजिज (Rheumatic Heart Disease) को स्क्रिनिङ ..... 7

३) नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी सूचना तथा शिक्षा सामग्री उत्पादन, तयारी, प्रकाशन / प्रसारण तथा वितरण ..... 8

४) नसर्ने रोग रोकथाम एवं नियन्त्रण तथा मानसिक स्वास्थ्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम ..... 9

५) स्वास्थ्यकर्मीहरुको मानसिक स्वास्थ्य सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम ..... 10

६) मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम ..... 11

७) मानसिक स्वास्थ्य प्रवर्द्धन र आत्महत्या रोकथामको लागि सञ्चारकर्मीलाई सम्वेदनशील रिपोर्टिङ सम्बन्धी अभिमुखीकरण कार्यक्रम ..... 12

८) बर्थिङ सेन्टर, BEONC तथा CEONC साइटमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि (ANC to PNC Continuum of Care, Pregnancy Registration and Tracking app, MPDSR) ..... 13

९) ASRH सम्बन्धि अभिमूखीकरण ..... 14

१०) बर्थिङ सेन्टर, BEONC तथा CEONC साइट mapping ..... 14

११) किशोरकिशोरी लक्षित सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, मर्यादित महिनावारी र परिवार नियोजन सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम ..... 16

## १) मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम सञ्चालन

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१६९ | २२५२२ | कास्की, गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), बागलुङ स्याङ्जा – ५००; पर्वत, म्याग्दी, लमजुङ – ४००; मनाङ, मुस्ताङ- ३०० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | नेपालमा नसर्ने रोग (Non Communicable Diseases-NCDs) को बढ्दो भारले सक्रिय रोकथाम र स्क्रिनिङ अभियान अपरिहार्य भएको छ । अज्ञानता, अस्वस्थ जीवनशैली, तनाव, पोषणको कमि लगायतका कारणहरूले मधुमेह, रक्तचाप, रक्तअल्पता र मानसिक स्वास्थ्य समस्या तीव्र रूपमा फैलिरहेका छन् । समुदायस्तरमै स्क्रिनिङ कार्यक्रम सञ्चालन गर्दा रोगको समयमै पहिचान, रोकथाम हुनुका साथै आर्थिक र सामाजिक लाभ हुने भएकाले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नसर्ने रोगको कारक तत्व तथा नसर्ने रोगको जोखिममा रहेका व्यक्तिहरुको समयमै पहिचान गरी व्यवस्थापन गर्नु । |
| अपेक्षित प्रतिफल | नसर्ने रोगको जोखिमा रहेका व्यक्तिहरुको समयमा पहिचान भई उपचारको दायरामा आउनुका साथै रोग नियन्त्रण भई रोगको जटिलता कम भएको हुनेछ । |
| कार्य सञ्चालन प्रकृया | ● प्रदेश जनस्वास्थ्य कार्यालयबाट यो कार्यक्रमको व्यवस्थापन एवं सञ्चालन, प्रादेशिक/प्रदेश अस्पतालहरूबाट प्रयोगशाला सेवा र आयुर्वेद अस्पताल/प्रदेश आयुर्वेद चिकित्सालयबाट जीवनशैली परामर्श सेवा हुने गरी तय गरिएको छ ।<br>● यसका लागि तीन कार्यालय प्रमुखहरुको बैठक बसी विनियोजित बजेटको परिधिभित्र रही कार्ययोजनाको तयारी एवं जिम्मेवारी बाँडफाँड गर्नुपर्नेछ ।<br>● कार्यक्रम व्यवस्थापनको लागि शिविर सञ्चालन हुने समयमा प्रतिदिन अधिकतम रू. पन्ध्र हजार खर्च गर्न सकिनेछ ।<br>**पूर्व तयारी**<br>● प्रदेश जनस्वास्थ्य कार्यालय, प्रादेशिक/प्रदेश अस्पताल, आयुर्वेद अस्पताल/चिकित्सालय प्रमुखहरुको बैठक बसी कार्यक्रम कार्ययोजना तयार गर्ने,<br>● स्थानीय तहसंग समन्वय बैठक आयोजना गर्ने,<br>● माइकिङ, स्वास्थ्य शिक्षा सामग्री, सामाजिक सञ्जाल आदि मध्ये उपयुक्त माध्यमबाट प्रचार-प्रसार गर्ने/गराउने ।<br>**कार्यक्रम सञ्चालन (स्वास्थ्य शिविर/स्क्रिनिङ क्याम्प)**<br>● हालसम्म कुनै नसर्ने रोगको निदान नभएका तीस वा सो भन्दा बढि उमेर समूहका व्यक्तिहरुको तोकिएको अनुसूची बमोजिम फाराम भर्ने, |

| विषयवस्तु | विवरण |
|---|---|
| | ●प्रत्येक व्यक्तिको रक्तचाप, ब्लड सुगर, वजन/उचाई मापन, कम्मरको गोलाई आदि मापन गरी अभिलेख राख्ने,<br>●प्रत्येक व्यक्तिको Cholesterol, Triglyceride, LDL, HDL, Blood sugar, Serum creatinine, urea, SGPT, SGOT र Urine albumin परीक्षण गर्ने व्यवस्था मिलाउने,<br>●प्रत्येक स्क्रिनिङ पछि सेवाग्राहीलाई स्वास्थ्य परामर्श र उपचारको व्यवस्था मिलाउने,<br>●स्थानीय तह लगायत अन्य संघसंस्थाहरुसंग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ<br>**अनुगमन र प्रतिवेदन**<br>●नजिकको स्वास्थ्य संस्थाबाट e-HMIS/DHIS2 मार्फत प्रतिवेदन गर्ने व्यवस्था मिलाउने,<br>●कार्यक्रम पछिको तथ्यांक (उदाहरणः मधुमेह जोखिम दर, उच्च रक्तचाप प्रतिशत आदि) को विश्लेषण गरी स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन गर्ने।<br>●स्वास्थ्य मन्त्रालय तथा अन्य प्रादेशिक कार्यालयहरुबाट कार्यक्रमको अनुगमन हुने व्यवस्था मिलाई सम्बन्धित कार्यालयबाट प्रयोगशालाको गुणस्तर नियन्त्रण सम्बन्धी कार्यसमेत भएको सुनिश्चित गर्नुपर्नेछ। |

## २) रुम्याटिक हार्ट डिजिज (Rheumatic Heart Disease) को स्क्रिनिङ

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१७ | २२५२२ | कास्की, गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), बागलुङ स्याङ्जा – ७००; पर्वत, लमजुङ – ४००; म्याग्दी - ३५० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | रुम्याटिक हार्ट डिजिज (Rheumatic Heart Disease-RHD) प्रायः समुचित रुपमा नगरिएको Streptococcal Throat Infection को जटिलता हो, जसले मुटुको भल्भमा क्षति पुऱ्याउँछ। नेपाल लगायत विकासोन्मुख देशहरूमा RHD अझै पनि बालबालिका तथा युवावर्गमा मुटु सम्बन्धी रोगको प्रमुख कारण मानिन्छ। तसर्थ, स्क्रिनिङ कार्यक्रम मार्फत रोगको प्रारम्भिक अवस्थामै पहिचान र रोकथाम महत्वपूर्ण हुने भएकोले सो का लागि यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | ●विद्यालय तथा समुदायस्तरमा RHD का जोखिमयुक्त व्यक्तिहरूको पहिचान गरी संक्रमित तथा जोखिममा रहेका व्यक्तिहरूलाई समयमै स्वास्थ्य संस्थामा रेफरल गर्नु,<br>●रुम्याटिक हार्ट डिजिजको जोखिम र रोकथामबारे सचेतना अभिवृद्धि गर्नु। |
| **अपेक्षित प्रतिफल** | RHD बाट हुने दीर्घकालिन जटिलता र मृत्युदर घटेको हुनुका साथै यसको समयमै उपचार प्रदान भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रकृया** | ●कार्यक्रम सञ्चालनका लागि छाला तथा घाँटीको संक्रमण सम्बन्धी रोगको बिरामी बढि देखिएको, व्यक्तिगत सरसफाई कमजोर अवस्था रहेको समुदाय एवं विद्यालयको छनौट गरी स्क्रिनिङ टूल, स्वास्थ्य सर्वेक्षण फाराम, स्टेथोस्कोप, Echocardiography, रेफरल किट आदिको व्यवस्थापन गर्ने,<br>●सम्भव भएसम्म सहयोगी संघ संस्थासँग समन्वय र सहकार्य गर्ने,<br>●विषय विज्ञ वा तालिम प्राप्त चिकित्सकबाट १५ वर्ष मुनिका बालबालिकामा Echocardiography जाँच सहितको स्क्रिनिङ कार्यक्रम सञ्चालन गर्ने,<br>●शंकास्पद वा लक्षणयुक्त व्यक्तिलाई सम्बन्धित अस्पतालमा प्रेषण गर्ने,<br>●यस कार्यक्रमबाट स्क्रिनिङ कार्यक्रम सञ्चालनको लागि खटिने स्वास्थ्यकर्मीहरुको भ्रमण खर्च एवं भत्ता, आवश्यक औजार उपकरण खरिद, कार्यक्रम व्यवस्थापन लगायतमा खर्च गर्न सकिनेछ।<br>●खाना, खाजा लगायत कार्यक्रम व्यवस्थापनको लागि दैनिक अधिकतम रू. पन्ध्र हजारसम्म खर्च गर्न सकिनेछ। Echocardiography सेवा प्रवाह गर्ने विज्ञ चिकित्सकलाई प्रति केस अधिकतम रू. तीन सय भुक्तानी गर्न सकिनेछ। साथै, जिल्ला दररेट बमोजिम यातायातको व्यवस्था गर्न सकिनेछ। |

## ३) नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी सूचना तथा शिक्षा सामग्री उत्पादन, तयारी, प्रकाशन/ प्रसारण तथा वितरण

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१७० | २२५२२ | **कास्की, गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), बागलुङ स्याङ्जा, पर्वत, म्याग्दी, लमजुङ – १००; मनाङ, मुस्ताङ- ५०** |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | नसर्ने रोगहरू जस्तै: उच्च रक्तचाप, मधुमेह, क्यान्सर, दीर्घ स्वासप्रश्वासका रोग आदि र मानसिक स्वास्थ्य समस्या नेपालको जनस्वास्थ्यका नवीन चुनौतीहरू हुन्। यस्ता रोगहरू जीवनशैलीसँग प्रत्यक्ष सम्बन्धित छन्। यसबारे अझै पनि सीमित जानकारी र गलत धारणाहरू भएकाले स्वस्थ व्यवहार परिवर्तन गर्ने ध्येयले यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी सूचना तथा शिक्षा प्रदान गरी स्वस्थ व्यवहार परिवर्तनमा उत्प्रेरित गर्नु। |
| **अपेक्षित प्रतिफल** | नागरिकको जीवनशैली परिवर्तन भई नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्यामा कमी आएको हुनेछ। |
| **कार्यसञ्चालन प्रकृया** | ● स्थानीय आवश्यकता अनुसार विभिन्न भाषामा नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी सूचना तथा सञ्चार सामग्री तयार गर्ने,<br>● तयार पारिएको सूचना तथा सञ्चार सामग्रीहरुलाई छपाई, प्रकाशन, प्रसारण तथा वितरण गर्ने। |

## ४) नसर्ने रोग रोकथाम एवं नियन्त्रण तथा मानसिक स्वास्थ्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१७६ | २२५२२ | कास्की, गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), बागलुङ स्याङ्जा, पर्वत, म्याग्दी, लमजुङ – १५०;<br>मनाङ, मुस्ताङ- १०० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | नसर्ने रोगहरू जस्तै: मधुमेह, उच्च रक्तचाप, मुटुरोग, क्यान्सर आदि र मानसिक स्वास्थ्य समस्या जस्तै: तनाव, चिन्ता, डिप्रेशन, दुर्व्यशनी आदि नेपालमा तीव्ररूपमा वृद्धि भइरहेका चुनौती हुन् । यस्ता रोगहरूले जीवनशैली, खानपान, शारीरिक निष्क्रियता तथा सामाजिक-मानसिक दबाबसँग गहिरो सम्बन्ध राख्छन्। सामुदायिक अन्तरक्रिया कार्यक्रमको माध्यमबाट यस्ता विषयहरूबारे जानकारी दिई स्क्रिनिङ प्रक्रियालाई सहयोग पुऱ्याउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नसर्ने रोगको समयमै पहिचानका लागि समुदायमा जनचेतना फैलाउनु । |
| अपेक्षित प्रतिफल | नसर्ने रोगको स्क्रिनिङ कार्यक्रममा सहभागिता वृद्धि भई रोगको समयमै पहिचान भएको हुनेछ । |
| कार्य सञ्चालन प्रकृया | ● नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम सञ्चालन गर्नु अगावै यो कार्यक्रम सञ्चालन गर्ने,<br>● स्थानीय तहका जनप्रतिनिधि, विद्यालय शिक्षक, महिला समूह, पत्रकार, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, संघ संस्थाका प्रतिनिधि लगायत अन्य सरोकारवालाहरुको उपस्थितिमा नसर्ने रोगको स्क्रिनिङ हुने मिति, लक्षित जनसङ्ख्या, स्थान तथा नसर्ने रोगको स्क्रिनिङबाट हुने फाइदाका बारेमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>● स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिने स्थान, जनशक्ति परिचालन, सेवा सम्बन्धी प्रचार प्रसार, नमूना संकलन, ढुवानी, परीक्षण तथा प्रतिवेदन, परामर्श, उपचार तथा प्रेषण प्रक्रिया समेतको सुक्ष्मयोजना तयार गर्ने,<br>● कार्यक्रमलाई मितव्ययी रुपमा सञ्चालन गर्न सहभागीलाई नियमानुसार खाजाको व्यवस्था गर्ने । खाजा बाहेक अन्य शीर्षकमा खर्च गर्न पाइने छैन । |

## ५) स्वास्थ्यकर्मीहरुको मानसिक स्वास्थ्य सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१८९ | २२५२२ | **गोरखा** – ५०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | विश्वव्यापी रुपमा देखिएका सबै किसिमका स्वास्थ्य समस्याहरु मध्ये १४% भार मानसिक स्वास्थ्य समस्या, नसा तथा लागुऔषधको प्रयोगले ओगटेको अध्ययनले देखाएको छ । मानसिक स्वास्थ्य समस्या र सेवाको अन्तर उल्लेखनिय रहेको छ । स्वास्थ्यकर्मीहरुलाई मानसिक स्वास्थ्यका विषयमा क्षमता विकासका लागि यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | मानसिक स्वास्थ्य सम्बन्धी स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्नु । |
| **अपेक्षित प्रतिफल** | स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि भई मानसिक रोगको उपचार तथा रोकथाममा सहजता भएको हुनेछ । |
| **कार्य सञ्चालन प्रकृया** | ●स्थानीय तह एवं सहयोगी संघ संस्थासँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>●स्थानीय तहका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीमा कार्यरत हेल्थ असिस्टेन्ट र अ. हे. व.हरू यस कार्यक्रममा सहभागीका रूपमा रहनेछन् ।<br>● Module 2B तालिमको MToT/ToT प्राप्त मनोचिकित्सक, Psychologist (Clinical and General), MDGP, MO हरू यस कार्यक्रमका प्रशिक्षकका रुपमा रहने छन् ।<br>●उल्लिखित सहभागी र प्रशिक्षकहरूको निक्यौंल गरी तालिम सञ्चालन गर्ने । |

## ६) मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१९० | २२५२२ | कास्की, गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), बागलुङ, स्याङ्जा, पर्वत - ३००; म्याग्दी, लमजुङ – २४०; मनाङ, मुस्ताङ- १२० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | विश्व स्वास्थ्य सङ्गठनले मानसिक समस्यालाई साधारण तथा दैनिक आईपर्ने तनावहरू व्यवस्थापन गर्न कठिनाइ भई, दैनिक, घरायसी तथा समाजमा योगदान गर्न बाधा भएको अवस्था भनी परिभाषित गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको एक अध्ययन अनुसार, नसर्ने रोगहरूमध्ये १८ प्रतिशत हिस्सा मानसिक रोगले ओगटेको देखिन्छ । अर्थात्, नसर्ने रोगहरूबाट उत्पन्न हुने समस्यामध्ये १८ प्रतिशत मानसिक रोगका कारण हुने गरेका छन् । नेपालमा पनि वार्षिक पाँच हजारभन्दा बढिले मानसिक अस्वस्थताका कारण आत्महत्या गर्ने गरेको पाइएको छ। पचास प्रतिशत भन्दा बढि मानसिक स्वास्थ्य समस्या चौध वर्षभन्दा कम उमेरबाटनै शुरु हुने देखिएकोले मानसिक स्वास्थ्य र समस्याको बारेमा समुदायमा एवं विद्यार्थीहरुको चेतना अभिवृद्धि गर्न तथा बहुपक्षीय साझेदारीमा मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | मानसिक स्वास्थ्य समस्या र लागुपदार्थ दुर्व्यसनीको बारेमा विद्यार्थीहरुमा चेतना अभिवृद्धि गरी स्वस्थ बानी व्यवहारको विकास गर्न सहयोग गर्नुका साथै स्थानीय तहमा मानसिक स्वास्थ्य सम्बन्धी पैरवी गर्नु। |
| **अपेक्षित प्रतिफल** | मानसिक रोगको दरमा कमी आउनुका साथै स्थानीय तह मार्फत मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखी कार्यक्रमहरु सञ्चालन भएका हुनेछन्। |
| **कार्य सञ्चालन प्रकृया** | ●जिल्ला स्थित प्रदेश अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट मानसिक स्वास्थ्यसँग सम्बन्धित सेवाग्राहीको विवरण तथा जिल्ला प्रहरी कार्यालयबाट आत्महत्या सम्बन्धी विवरण सङ्कलन गरी बढि घटना भएका स्थानीय तह/वडाहरुको यकिन गर्ने,<br>●सम्बन्धित वडामा वडाध्यक्ष लगायतका जनप्रतिनिधि, विद्यालयका शिक्षकहरु, नागरिक अगुवा, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी तथा अन्य सरोकारवालाहरु सहभागी गराई १ दिनको पैरवी कार्यक्रम सञ्चालन गर्ने,<br>●सम्बन्धित वडा स्थित विद्यालयका विद्यार्थीहरु सहभागी गराई मानसिक स्वास्थ्य, योग, ध्यान, लागुपदार्थ आदिका बारेमा कक्षा सञ्चालन गर्ने।<br>●मानसिक स्वास्थ्य सम्बन्धी तालिम लिएका स्वास्थ्यकर्मी मार्फत मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>●प्रस्तुतीकरण सामग्रीको लागि स्वास्थ्य मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ र कार्यक्रम सञ्चालन गर्दा Meditation for Mental Health/Yoga for Mental Health ("Miracle of Mind" app मार्फत ध्यान गर्ने लगायत) का सेसनहरु समावेश गर्नुपर्नेछ।<br>●यस कार्यक्रमबाट मानसिक स्वास्थ्य सम्बन्धी महत्वपूर्ण दिवसहरू जस्तै: आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस आदि मनाउने प्रायोजनका लागि समेत खर्च गर्न सकिनेछ। |

## ७) मानसिक स्वास्थ्य प्रवर्द्धन र आत्महत्या रोकथामको लागि सञ्चारकर्मीलाई सम्वेदनशील रिपोर्टिङ सम्बन्धी अभिमुखीकरण कार्यक्रम

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१९१ | २२५२२ | कास्की, गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), बागलुङ स्याङ्जा, पर्वत, म्याग्दी, लमजुङ – १००; मनाङ, मुस्ताङ- ५० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | मानसिक स्वास्थ्यप्रति अझै पनि लज्जा, डर र गलत अवधारणाहरू व्याप्त छन् । आत्महत्या सम्बन्धी समाचारहरू यदि सावधानीपूर्वक प्रस्तुत गरिएन भने त्यसले नक्कल गर्ने वा गलत अभ्यास गर्ने प्रवृत्ति बढाउने जोखिम रहन्छ। सञ्चारकर्मीहरूको भूमिकाले मानसिक स्वास्थ्यको विषयमा जनधारणा निर्माण, सहायता प्रवाह गर्न र जीवनरक्षासम्ममा गहिरो प्रभाव पार्न सक्छ। यही सन्दर्भमा संवेदनशील, वैज्ञानिक र नैतिक रिपोर्टिङ प्रवर्द्धन गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | मानसिक स्वास्थ्य तथा आत्महत्या सम्बन्धी संवेदनशील र वैज्ञानिक सूचना प्रवाह हुनु। |
| अपेक्षित प्रतिफल | मानसिक स्वास्थ्य तथा आत्महत्या सम्बन्धी संवेदनशील र वैज्ञानिक सूचना प्रवाह भएको हुनेछ। |
| कार्य सञ्चालन प्रकृया | ●सबै सञ्चार माध्यमबाट प्रतिनिधित्व हुने गरी सञ्चारकर्मीहरुलाई कार्यक्रममा सहभागिताका लागि आमन्त्रण गर्ने,<br>●जिल्लाको मानसिक स्वास्थ्य एवं आत्महत्या सम्बन्धी विषय र सो सम्बन्धी तथ्याङ्कको प्रस्तुतीकरण गर्ने,<br>●मानसिक स्वास्थ्य एवं आत्महत्याको विषयको सूचना प्रवाह तथा हालसम्म सो सम्बन्धी सूचनाका बारे छलफल गरी उपयुक्त तवरले रिपोर्टिङ गर्ने बारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। |

## ८) बर्थिङ सेन्टर, BEONC तथा CEONC साइटमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि (ANC to PNC Continuum of Care, Pregnancy Registration and Tracking app, MPDSR)

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१९२ | २२५२२ | कास्की, तनहुँ, नवलपरासी (ब.सु.पू) – ४००; गोरखा,बागलुङ, स्याङ्जा – ४२०; पर्वत, म्याग्दी, लमजुङ – ३८०; मनाङ, मुस्ताङ- २०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | गर्भावस्था एवं मातृ तथा नवशिशु स्वास्थ्य सेवाहरूमा गुणस्तरीयता कायम गर्न स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई थप दक्ष बनाउन आवश्यक हुन्छ। स्वास्थ्यकर्मीहरूलाई गर्भवती महिलाको स्वास्थ्य विवरण संकलन गर्ने प्रणाली Pregnancy Registration and Tracking (PRTP) app, Maternal and Perinatal Death Surveillance and Response-MPDSR तथा मातृ तथा नवशिशु स्वास्थ्य सेवा बारे जानकारी प्रदान गर्न यो कार्य्रक्रम राखिएको हो। |
| **उद्देश्य** | स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई मातृ तथा नवशिशु स्वास्थ्य सेवा, PRTP app र MPDSR प्रक्रियामा दक्ष बनाउनु। |
| **अपेक्षित प्रतिफल** | स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मातृ तथा नवशिशु स्वास्थ्यसँग सम्बन्धित विषयहरुमा जानकार भई PRTP र MPDSR प्रणालीमा तथ्यांक अद्यावधिक भएको हुनेछ। |
| **कार्यसञ्चालन प्रकृया** | ● छुटेका तथा पुनर्ताजगी गर्नुपर्ने स्वास्थ्यकर्मीलाई मातृ तथा नवशिशु स्वास्थ्य सेवा, PRTP App, MPDSR प्रणाली, ANC to PNC Continuum of Care विषय समेटी दुई दिनको अभिमुखीकरण तथा समीक्षा कार्यक्रम सञ्चालन गर्ने,<br>● कार्यक्रम पश्चात आगामी दिनमा सम्पादन गर्नुपर्ने क्रियाकलापहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने/ गराउने। |

## ९) ASRH सम्बन्धि अभिमूखीकरण

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१९३ | २२५२२ | कास्की, तनहुँ, नवलपरासी (ब.सु.पू) – २००; गोरखा, बागलुङ, स्याङ्जा – २१०; पर्वत, म्याग्दी, लमजुङ – १९०; मनाङ, मुस्ताङ- १०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | किशोर-किशोरीको यौन तथा प्रजनन स्वास्थ्य (Adolescent Sexual and Reproductive Health-ASRH) विकासोन्मुख राष्ट्रको एक संवेदनशील र महत्त्वपूर्ण मुद्दा हो । किशोरावस्था शारीरिक, मानसिक र सामाजिक परिवर्तनको चरण भएकाले उनीहरूलाई यौन स्वास्थ्यका विषयमा समयमै सुसूचित गराउनु अत्यन्त जरुरी हुन्छ। लाञ्छना, भेदभाव र जानकारीको अभावले गर्दा धेरै किशोर-किशोरीहरू सुरक्षित व्यवहार अपनाउन असमर्थ हुन्छन्। यस सन्दर्भमा स्वास्थ्यकर्मीहरूलाई संवेदनशील, गोपनीय, प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम बनाउन यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | किशोर-किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य सेवा बारे नर्सिङ कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नु। |
| **अपेक्षित प्रतिफल** | किशोर-किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रवाहको गुणस्तरमा सुधार भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रकृया** | ● किशोर-किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य बारेमा तालिमका लागि उपयुक्त नर्सिङ कर्मचारीहरुको छनौट गर्ने,<br>● तालिम प्राप्त सहजकर्ता छनौट गरी तालिम सञ्चालन गर्ने,<br>● ASRH को अवस्था र महत्व, परिवार योजना तथा यौन स्वास्थ्य, सुरक्षित गर्भपतन सेवा, किशोरावस्थाको मानसिक स्वास्थ्य तथा व्यक्तिगत सरसफाई, महिनावारी स्वच्छता, प्रभावकारी परामर्श, कानून तथा अधिकारसम्बन्धी जानकारी आदि विषयवस्तु समेट्ने,<br>● किशोरकिशोरी लक्षित सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, मर्यादित महिनावारी, परिवार नियोजन लगायतका विषयमा स्वास्थ्य शिक्षा प्रदान गर्नका लागि विद्यालयमा कक्षा सञ्चालन अभ्यास गराउने,<br>● कानूनी दस्तावेज तथा प्रावधानका बारे प्रशिक्षण दिनका लागि सम्बन्धित विषय-विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।<br>● किशोर-किशोरीहरूका यौन तथा प्रजनन स्वास्थ्य सुधारका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने/गराउने। |

## १०)

## ११) बर्थिङ सेन्टर, BEONC तथा CEONC साइट mapping

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१९४ | २२५२२ | कास्की, तनहुँ, नवलपरासी (ब.सु.पू) – १००, गोरखा,बागलुङ, स्याङ्जा – १०५; पर्वत, म्याग्दी, लमजुङ – ९५; मनाङ, मुस्ताङ- ५० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत सुत्केरी र नवशिशुको मृत्युदर घटाउने लक्ष्यसहित बर्थिङ सेन्टर, BEONC र CEONC सेवा सञ्चालन हुँदै आएका छन् । यस्ता सेवा केन्द्रहरूको अवस्थिति, स्रोत, सेवाको दायरा र प्रयोग अवस्थाको तथ्यांक संकलन गरी म्यापिङ गर्नका साथै नीति निर्माण, सेवा विस्तार र स्रोत परिचालनका लागि आवश्यक भएकाले यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | बर्थिङ सेन्टर, BEONC र CEONC साइटहरूको भौगोलिक तथा प्राविधिक अवस्थाको अभिलेख तयार गर्नु । |
| **अपेक्षित प्रतिफल** | सुरक्षित प्रसुति केन्द्रहरु रणनैतिक स्थानहरुमा सञ्चालन भई सेवाको गुणस्तर बढेको हुनेछ । |
| **कार्य सञ्चालन प्रकृया** | ● बर्थिङ सेन्टर, BEONC र CEONC साइटहरूमा कार्यरत प्रत्यक स्थानीय तहबाट कम्तीमा एक जना पर्ने गरी नर्सिङ कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, उक्त कार्यक्रम भर्चुअल माध्यमबाट समेत गर्न सकिने,<br>● तालिम प्राप्त नर्सिङ कर्मचारीले सम्बन्धित स्थानीय तहका बर्थिङ सेन्टरहरूको सूचीकरण गरी उक्त स्थानमा रहेका जनशक्ति, औजार उपकरण, भौतिक संरचना, सेवा प्रवाहको अवस्थाका बारेमा निर्दिष्ट फाराम (Structured checklist) अनुसार विवरण संकलन गरी जनस्वास्थ्य कार्यालयमा पेश गर्ने र BEONC र CEONC साइटको हकमा विवरण अद्यावधिक गर्ने,<br>● बर्थिङ सेन्टरहरुको mapping मा खटिएका स्वास्थ्यकर्मीको यातायात खर्च यसै शिर्षकबाट दिन सकिनेछ ।<br>● जनस्वास्थ्य कार्यालयले बर्थिङ सेन्टर, BEONC तथा CEONC साइटको mapping सम्बन्धी प्रतिवेदन तयार गरी स्वास्थ्य मन्त्रालयमा पेश गर्ने । |

## १२) किशोरकिशोरी लक्षित सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, मर्यादित महिनावारी र परिवार नियोजन सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१९५ | २२५२२ | कास्की, तनहुँ, नवलपरासी (ब.सु.पू) – २००; गोरखा,बागलुङ, स्याङ्जा – २१०; पर्वत, म्याग्दी, लमजुङ – १९०; मनाङ, मुस्ताङ- १०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | किशोरावस्थामा यौन र प्रजनन स्वास्थ्य सम्बन्धी उपयुक्त जानकारीको अभावले गर्दा असुरक्षित यौन व्यवहार, किशोर गर्भावस्था, यौनजन्य संक्रमण र अन्य स्वास्थ्य सम्बन्धी समस्या निम्तिन सक्ने जोखिम रहन्छ। तसर्थ किशोरकिशोरीहरूको स्वास्थ्य अवस्था सुधार गर्न, उनीहरूलाई सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र परिवार नियोजन सम्बन्धी आवश्यक ज्ञान र जानकारी दिनु अत्यावश्यक हुन्छ। किशोर किशोरीहरूलाई सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र परिवार नियोजनका महत्त्वपूर्ण पक्षहरूमा शिक्षित गरी उनीहरूको स्वास्थ्य अवस्था सुधार गर्ने र स्वास्थ्य निर्णयहरू लिने क्षमता विकास गर्न यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | किशोर किशोरीहरुलाई सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, परिवार नियोजन, स्वस्थ जीवनशैलीको महत्त्व र स्वास्थ्य सम्बन्धी उपयुक्त निर्णय लिन सक्षम बनाउनु। |
| **अपेक्षित प्रतिफल** | किशोर किशोरीहरूमा सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र परिवार नियोजन सम्बन्धी जानकारीको अभिवृद्धि भई असुरक्षित प्रजनन व्यवहारको कमि भएको हुनुका साथै उपयुक्त निर्णय लिने क्षमताको विकास भएको हुनेछ। |
| **कार्यसञ्चालन प्रकृया** | ● स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी कार्यक्रमको क्रममा प्रयोग गरिने शिक्षण सामग्रीहरु जस्तै: Power Point, सन्दर्भ सामग्री आदि तयार गर्ने,<br>● विद्यालयका विद्यार्थीहरु सहभागी गराई सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, परिवार योजना, सुरक्षित गर्भपतन सेवा, स्वस्थ जीवनशैलीको महत्व आदिका बारेमा कक्षा सञ्चालन गर्ने,<br>● स्थानीय तहका स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ कर्मचारी/विद्यालय नर्स वा दक्ष स्वास्थ्यकर्मी मार्फत स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।<br>● कक्षा सञ्चालन गरे बापत यातायात खर्च स्वरूप बढिमा रू. एक हजार प्रदान गर्न सकिनेछ र एउटा कक्षाको अवधि कम्तीमा १ घण्टा ३० मिनेटको हुनुपर्छ। |